## रोगबाट बच्ने उपायहरु

- शंकास्पद अवस्थाका चराचुरुङ्गीलाई निगरानीमा राख्ने र त्यसको ओसार प्रसार गर्न नदिने ।
- रोगी वा शंकास्पद कुखुराको मासु तथा अण्डा छुँदा सुरक्षित पोशाक तथा उपकरणको प्रयोग गर्नु पर्छ र छोएमा राम्ररी हात धुनुपर्छ ।
- कुखुरा फर्ममा जैविक सुरक्षाका उपायहरु लागू गर्नुपर्छ ।
- कुखुराको मासु तथा अण्डा राम्ररी पकाएर खानु पर्दछ ।
- जनचेतना अभिबृद्धि गर्न स्वास्थ्य शिक्षा संप्रेषण गर्नुपर्छ ।
- व्यक्तिगत सरसफाइमा ध्यान दिनु पर्छ ।
- रोगको शंका लागेमा तुरुन्त सम्बन्धित निकायमा खबर गर्नुपर्छ ।

## रोगको उपचार

मानिस तथा कुखुरामा यसको विशेष उपचार छैन । रोगी चराचुरुङ्गीलाई तथा जनावरलाई नष्ट पार्ने र फर्म/खोर निसंक्रमण गर्नुपर्छ । बिरामी मानिसलाई छुट्टै राखी लक्षण अनुसार सहयोगात्मक (Supportive) उपचार गर्नु पर्छ । बिदेशमा एन्टिभाइरल औषधिहरु प्रयोग गरिने भएतापनि नेपालमा ती औषधि उपलब्ध नहुनु, महंगो हुनु र त्यसका नकारात्मक प्रभावहरु बढी हुने भएकोले प्रयोगमा छैन ।

यस रोग विरुद्ध खोपको विकास गर्न सकिने भएतापनि जीवाणुले आफ्नै जैविक संरचना निरन्तर रुपमा परिवर्तन गरिरहने हुँदा हालसम्म त्यति प्रभावकारी खोपको विकास हुन सकेको छैन ।

## रोगको प्रकोप भएमा अपनाउनु पर्ने उपायहरु

- रोगी चराचुरुङ्गीलाई बथानबाट अलग्याई यथाशीघ्र नष्ट पार्न र मेरकालाई सुरक्षित तरिकाले गाड्ने वा जलाउने गर्नुपर्छ ।
- जनावर र चराचुरुङ्गीको खोर/फर्ममा निसंक्रमण गर्नुपर्छ ।
- माथि उल्लेखित रोगबाट बच्ने उपायहरु अपनाउनु पर्छ ।


**आम्दा-नेपाल**

पो.ब.नं.: ८९०९, जोरपाटी-४, काठमाडौं
फोन नं.: (+९७७-१)-४९१०२३५/४९१११४०
फ्याक्स: (+९७७-१)-४९१११४१
इ-मेल: amda@healthnet.org.np
www.amda.org.np


# बर्ड फ्लू

# (BIRD FLUE)



हाँस, कुखुरा लगायत अन्य चराचुरुङ्गीको मासु तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं । बर्ड फ्लुको शंका लागेमा सम्बन्धित निकायमा तुरुन्तै खबर गरौं ।

बर्ड फ्लु संक्रमित बस्तुको प्रयोग, ओसार-पसार, बिक्री वितरण नगरौं/नगराऔं ।

## परिचय

बर्ड फ्लु हाँस, कुखुरा लगायत अन्य चराचुरुङ्गीहरुमा सुक्ष्म जीवाणुबाट लाग्ने एक प्रकारको सरुवा रोग हो । कहिले काहि यो रोग सुँगुरमा पनि लाग्ने गर्दछ । बर्ड फ्लुलाई "हाइलि पेथोजेनिक एभिएन इन्फ्लुएन्जा" पनि भन्ने गरिन्छ । चराचुरुङ्गीमा लाग्ने बर्ड फ्लुका जीवाणुका उपजातिले मानिसमा पनि संक्रमण हुनसक्छ ।

## बर्ड फ्लु लाग्ने कारण

यो रोग इन्फ्लुएन्जा "ए" जीवाणुले गर्दा हुन्छ । जीवाणुलाई त्यसको सतहमा हुन सक्ने प्रोटिनहरुको आधारमा विभिन्न फरक फरक प्रजातिमा विभाजन गरिएका छन् । ती प्रजातिहरुमध्ये केहिले मात्र मानिसमा रोग लगाउन सक्छन् । इन्फ्लुएन्जा "ए" जीवाणुले हाँस, कुखुरा, टर्की, सुँगुर, घोडा तथा अन्य जनावरहरुमा महामारी ल्याउछ तर मानिसमा भने सजिलै सर्न सक्दैन वा फाट्टफुट्ट रुपमा मात्र सर्ने गर्दछ ।

बर्ड फ्लुको जीवाणु ६०° सेन्टिग्रेडमा ३० मिनेट, २२° सेन्टिग्रेड वा पानीमा ४ दिनसम्म र ०° सेन्टिग्रेडमा १ महिनासम्म बाँच्न सक्दछ । यसलाई फर्मालिन वा आयोडिनको प्रयोगले सजिलै नष्ट पार्न सकिन्छ ।

## बर्ड फ्लु भएका स्थानहरु

चराचुरुङ्गीमा बर्ड फ्लुको पहिचान सर्वप्रथम सन् १८७८ मा भएतापनि सन् १९९७ देखि मात्र मानिसमा यो रोग सरेको पत्ता लाग्यो । त्यसै बर्ष हङ्गकङ्गमा भएका १८ जना रोगीमध्ये ६ जनाको मृत्यु भएको थियो र १५ लाख कुखुरा मारिएको थियो । हङ्गकङ्गमा सन् १९९९ मा र सन् २००३ मा पनि यस रोगको प्रकोप भएको थियो । सन् २००३ मा हल्याण्डमा १ को मृत्यु भएको थियो भने ८३ जना बिरामी भएका थिएँ । सन् २००४ मा थाइल्याण्ड र भियतनाममा यकिन भएका २३ रोगीहरुमध्ये १९ जनाको मृत्यु भएको थियो ।

बर्ड फ्लुको प्रकोप विभिन्न चराचुरुङ्गी, कुखुरा तथा सुँगुर र मानिसमा पनि देखिएको छ । मानिसमा यो रोग टर्की, इराक, अजरबेइजान, इजिप्ट, ताइवान, दक्षिण कोरिया, जापान, चीन, थाइलाण्ड, इन्डोनेशिया, भियतनाम, क्याम्बोडिया र भारतमा भेटिएको छ ।

## मानिस तथा चराचुरुङ्गीमा सर्ने तरिका

रोगको जीवाणु कुखुरको र्‍याल तथा सुलीमा कम्तीमा १० दिनसम्म रहन सक्छ । कुखुराको १ ग्राम सुलीमा लाखौं कुखुरालाई संक्रमण गर्न पुग्ने जीवाणु हुन्छन् । प्रदूषित भाँडा, आहारा, सुली, माटो, हावा र फोहोर जुत्ताको माध्यमबाट एउटा कुखुरा फार्मबाट अर्कोमा सर्ने गर्दछ । बसाइ सररे आउने चराहरुले पनि रोग सार्न सक्दछन् ।

मानिसमा यो रोग संक्रमित जिउँदो वा मरेको चराको प्रत्यक्ष सम्पर्कबाट सर्दछ । जीवाणुले संक्रमण गरेको १८ देखि ७२ घण्टासम्ममा लक्षण देखिन्छ । अप्रत्यक्ष रुपमा वातावरणीय श्रोत वा संक्रमण वस्तुहरु सुली, मासु र अण्डाबाट पनि सर्न सक्छ ।

## मासु र अण्डाबाट यो रोग मानिसमा सर्ने संभावना

मासु तथा अण्डामा रोगका जीवाणु पाइने भएतापनि ती जिवाणु ६०° सेन्टिग्रेडको तातोमा ३० मिनेटमा नै मर्छन् अर्थात् मासु तथा अण्डा पकाउँदा त्यसको भित्री तापक्रम ७०° सेन्टिग्रेड पुगेको केही बेरमै जीवाणु मर्ने भएकोले राम्ररी पकाएर खाएको मासु वा अण्डाबाट यो रोग सर्न सक्दैन ।

## रोगका लक्षणहरु

इन्फ्लुएन्जा "ए" को जीवाणुले गर्दा चराहरुमा न्यून देखि अति गम्भीर लक्षणहरु देखिन्छन् । अकस्मात धेरै कुखुराहरु मर्ने, फुल पार्न बन्द हुने, टाउको सुन्निने, दाना नखाने, तिर्खाउने, सेतो छेर्ने र पक्षधात हुने हुन्छ ।

मानिसमा भने ज्वरो आउने, खोकी लाग्ने तथा घाँटी दुख्ने हुन्छ । केहीमा फोक्सोमा गम्भीर असर पर्न गई निमोनिया पनि हुन सक्छ । यस्तो अवस्थामा रोग घातक बन्न पुग्छ ।

## रोगको जोखिमा पर्न सक्ने व्यक्तिहरु

कुखुरा फार्मका कामदरहरु, चराचुरुङ्गी बिक्रेताहरु र पशु बधशालामा काम गर्ने व्यक्तिहरुलाई रोग सर्ने बढी सम्भावना हुन्छ । यो रोग जो सुकैलाई पनि लाग्न सक्ने भएतापनि पुराना रोगी तथा रोगसँग लड्ने क्षमता कम भएकालाई चाँडो सर्न सक्दछ ।


AMDA-2007 Dec